# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा,
१ नं. प्रदेश नेपाल

प.स : २०७६/७७ लेखा शाखा
च.न : १५४१

मिति :- २०७६/०९/०७

बिषय :- भूक्तानी नहुने सम्बन्धमा ।

सूचना सूचना सूचना

महालेखा नियन्त्रक कार्यालयको मिति २०७६/०९/०४, च.नं.१८ को पत्र अनुसार स्थानीय तहको बजेटिङ कार्यको लागी प्रयोग हुने सुत्र (**SuTRA**) सफ्टवेयरमा आएको समस्याको कारण तथ्यांक तथा डाटाहरु नोक्सान हुन गएको र सिस्टम संचालनमा ल्याउन महालेखा नियन्त्रक कार्यालयबाट प्रयास भइरहेको कारणले उक्त सिस्टम संचालनमा आएर नोक्सान भएको डाटा पुन प्रविष्टि भएपछि यस नगरपालिकाबाट अर्को सुचना प्रकाशन नभएसम्मको लागि यस नगरपालिकाबाट हुने भुक्तानीहरु गर्न नसकिने व्यहोरा अनुरोध छ । यसबाट सेवाग्राहीमा पर्न गएको समस्याको लागि नगरपालिका क्षमाप्रार्थी छ ।

पंकज भुर्तेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
(प्रणाली विकास अनुगमन तथा समन्वय शाखा)

पत्र संख्याः २०७६/७७
चलानी नं.: १८

मितिः २०७६।०९।०४

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

श्री सबै स्थानीय तहहरु,

विषयः SuTRA System संचालन सम्बन्धमा ।

स्थानीय तहहरुबाट बजेटिङ तथा लेखांकन कार्यका लागी प्रयोग गरिँदै आएको सुत्र सफ्टवेयरमा प्रविष्टि गरिएका केहि तथ्यांक तथा डाटाहरु प्राविधिक कारणवश नोक्सान हुन गएको छ । यस कार्यालयको अथक प्रयास पछि सुत्र सिष्टम तथा २०७६/०८/११ सम्मको डाटा Recover गर्न सकिएता पनि त्यस पछिको डाटा भने प्राप्त गर्न नसकिएकोले सुत्रको प्रयोगकर्ताहरुले सुत्र सिष्टममा उक्त मिति पछि प्रविष्ट गरिएका भौचर तथा बजेट सम्बन्धि तथ्यांकहरु पुन प्रविष्ट गरिसकेपछि मात्र नयाँ भौचर सुत्र सफ्टवेयरबाट तयार गर्नु हुन मिति २०७६/०९/०४ गतेको निर्णयानुसार अनुरोध गरिन्छ ।यसबाट यसका प्रयोगकर्ताहरुलाइ पर्न गएको असुविधा प्रति यस कार्यालय क्षमा प्रार्थी छ ।

कृष्णराज पौडेल
लेखा अधिकृत